# अपर तामाकोशी हाइड्रोपावर लि.ले जारी गरेको साधारण शेयर आवेदनमा सहभागी हुने सम्बन्धमा कर्मचारी सञ्चय कोषको सूचना

कर्मचारी सञ्चय कोष, नेपाल विद्युत प्राधिकरण र अपर तामाकोशी हाइड्रोपावर लि.बीच सम्पन्न भएको ऋण सम्झौता एवम् कम्पनीको प्रबन्धपत्रमा व्यवस्था भए अनुरुप कम्पनीको तर्फबाट निष्काशन अवधि खोली मिति २०७१/१०/२९ को गोरखापत्र तथा कान्तिपुर दैनिकमा आव्हान पत्र प्रकाशित भइसकेकोले सञ्चयकर्ताको हित तथा सुबिधा कायम गर्न कोष मुख्य ऋण लगानीकर्ता रहेको अपर तामाकोशी हाइड्रोपावर लिमिटेडको साधारण शेयरमा आबेदन गर्न इच्छुक सञ्चयकर्ताको अधिकतम सहभागीताको लागि  देहाय बमोजिमको जानकारी सहितको यो सूचना प्रकाशित गरिएको छ :

(क) शेयर आवेदनका लागि सञ्चयकर्ताको मिति २०६७/०४/१४ सम्म कोषमा रकम जम्मा रहेको हुनुपर्ने ।

(ख) शेयर आवेदन फारममा सञ्चयकर्ताले परिचय-पत्र नम्वर अनिवार्य रुपमा राखी स्वयंले दस्तखत गरी देहायका कागजातहरु संलग्न गर्नु पर्ने :

- कार्यरत रहेको कार्यालयको कार्यालय प्रमुखले प्रमाणित गरेको **कोषको परिचय पत्रको प्रतिलिपी**,  वा **कोष कार्यालयबाट प्रमाणित पत्र** (मिति २०६७/०४/१४ सम्म कोषमा रकम जम्मा रहेको तर सो मिति पश्चात भुक्तानी लिई सक्कल परिचय-पत्र कोषमा बुझाइसकेका सञ्चयकर्ताको हकमा मात्र)
- नेपाली  नागरिकता प्रमाणपत्रको प्रतिलिपी ।

(ग) न्यूनतम ५० र अधिकतम ५००० कित्ता शेयरका लागि आवेदन गर्न सक्ने,

(घ) आवेदन फारम बुझाउने स्थान लगायत अन्य आवश्यक सूचनाहरु मिति २०७१/१०/२९ को गोरखापत्र तथा कान्तिपुर दैनिकमा  प्रकाशित आह्वान पत्रमा उल्लेख भए बमोजिम हुने,

(ङ) शेयर आवेदनका लागि थप जानकारी आवश्यक भएमा देहायका कोषका कार्यालय तथा फोन नम्बरमा सम्पर्क गर्न सकिने :

- **ठमेल स्थित कार्यालय** : ०१-४२२३३२०, ४२२५३९०, सिहंदरवार सेवा केन्द्रः ०१- ४२००४६६,
- **शाखा कार्यालयहरु** : धनकुटा ०२६-५२००४९, विराटनगर ०२१-४७२७८४, हेटौडा ०५७- ५२४३७७, पोखरा ०६१-५२६८११, बुटवल ०७१-५५१५१८ कोहलपुर ०८१-५४१२८२, सुर्खेत ०८३-५२३०६६ धनगढी ०९१-५२०६९२

कर्मचारी संचय कोष

पुल्चोक, ललितपुर

फोन नं. ०१-५०१०१६६